CC-0.In Public Domain. Digitization by eGangotri

दिव्य-उपदेश

राष्ट्रनिर्माता
श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह

२०५८
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

४२२०९१ २०५८!
CC-0.In Public Domain. Digitization by eGangotri

मन्तव्य

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले ससाना खण्डमा विभाजित राज्यहरूलाई एक सूत्रमा आबद्ध गरी विशाल नेपालको जग बसाल्ने काम गरे। उनले तात्कालिक नेपालको सामाजिक, राजनीतिक, आर्थिक आदि विभिन्न क्षेत्रको राम्रो अध्ययन, मनन र विश्लेषण समेत गरेर सोही आधारमा राज्यसञ्चालनको स्वरूप खडा गरे। साथै विभिन्न नीतिहरूको निर्धारण गरेका थिए। त्यसवेलाका उनका नीतिहरूमध्ये अधिकांश विषय आज अढाइ शताब्दीपछि पनि हाम्रो सामु सान्दर्भिक रहेको टड्कारो रूपमा पाउँछौं। नेपाल र नेपालीले उनै महापुरुषबाट निर्धारित नीतिहरूलाई व्यवहारमा उतार्न सके वर्तमानमा पनि राष्ट्रियताको संवर्धन र समाजको एकीकरणमा योगदान पुग्नेछ।

हामी धेरैजसोले पृथ्वीनारायण शाहका उपदेशबारे सुनेका छौं र केही वाक्यांशको उद्धरण पनि लिने गरेका छौं। तर समग्र अध्ययन भने कम्ती नै भएको छ। यसै कुरालाई ध्यानमा राखी दीव्य-उपदेशको पूर्ण पाठको प्रकाशन र वितरण गर्ने प्रयास गरेका छौं। निश्चय नै वर्तमान परिप्रेक्ष्यमा दिव्य-उपदेश सदा उपयोगी छ र रहन्छ।

प्रस्तुत उपदेशको मूलपाठ गोरखा समाजसेवा केन्द्रद्वारा प्रकाशित **दिव्य-उपदेश** पुस्तिकाबाट लिइएका हो। यो हाम्रो सानो प्रयासपुष्प हो। विज्ञजनहरूबाट आवश्यक सुझाव र सल्लाह पाएको खण्डमा आगामी कार्यक्रममा यसलाई अझ व्यापकता दिने प्रयास गरिनेछ।

मोहन कोइराला
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दिव्य–उपदेश

उपक्रम

[1]स्वस्ति श्रीगणेशाय नमः ॥ ॥ श्रीकालिका सहाः ॥ ॥ श्री ३ सिव गोरषनाथ सहाः ॥ ॥ श्री ५ प्रिथिनारायण सहाः ॥ ॥ श्रीश्रीश्री ५ बुढा महाराजाले तिन सहर नेपाल र हिंडुपतिको राज लियापछि पछिल्ला पटक् नुहाकोटमा पाउ लाग्नुभयामा गुरू प्रोहित थरघर भैयाद भारादार र आफ्ना ददा सुरथिसिं राना सबैका बुढापाकाछेउ हुकुम भयाका कुरा.

(उपदेशको परम्परा)

बुढा मेरै[2] भाषा सरै[3] भनि भन्छन्. तिमिहरू सबैछेउ[4] सुनाइगयाको भया तम्रा सन्तानलाई सुनाउला र तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउनं र यो राजे थामि षानन्: ॥

(पाँच भाइ)

उप्रान्तः ॥ हाम्रा मुमाहरू तिन हुन्. हामि तिन षोपिका पाचपाण्डुवाको अवतार भयाका थिञ्.

(ससुरालीको तीतो अनुभव)

मेरो बिबाहा मकुवानपुरमा भयाको थियो. डोला सुम्पेको थियन र डोला[5] पनि लैयाउ[6]. नेपाल पनि देषि आउ भनि मकुवानपुर गञ्[7] र[8] पुग्यपछि दिकबन्दसेनलाई[9] यवटा कुराको करेउलि लियेर भने यकदन्ता[10] हाति[11] र नवलाषि[12] हिराको हार दिन्छौ[13] भने डोला पनि लैजाला दिन्न भन्या[14] काढि तरवारसित पनि लैजाला भनि हाक पारि.

पाठान्तर

१. केही संस्करणहरूमा शिरबेहोरा यस्तो पाइन्छ–
"श्री ५ माहाराजाधीराजा प्रीथ्वीनारायणसाहका भासण् याहाबाट ३ सहर नेपाल् र हिन्दुपती राज लियापछि"

२.	मेरै	=	मरे	३.	सरै	=	सरे
४.	तिमीहरू सबैछेउ	=	तिमीहरूलाई	५.	थियन र डोला	=	थियेन, डोला
६.	लैयाउ	=	लीआउ	७.	गञ् र	=	गयेर
८.	दिकबन्दसेनलाई	=	दीगबन्धनसेन्लाई	९.	यकदन्ता	=	येकदन्ते
१०.	हाति	=	हाथी	११.	नवलाषि	=	नौलषा
१२.	दिन्छौ	=	दिनेछौ	१३.	दिन्न भन्या	=	दिन्नौ भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(चन्द्रागिरिबाट नेपाल-खाल्डोको दर्शन)

नेपाले[१४] राजाले चिन्नन् र पक्रनन् भनि स्यापु वढि[१५] रापतिका तिरैतिर भानु जैसि कुलानन्द जैसि अरु थरघर पनि साथैमा थिया. चन्डागिरिमा[१६] आइपुग्यांपछि नेपाल कुन् हो भनि सुध्याञा र त्यो भादगाउ हो. त्यो पाटन् हो. त्यो काठमाडौ हो भनि देषा (या) र मेरा मनमा इ तिनै सहरको राजा हुन पाया ता[१७] हुदो हो भन्ने यस्तो मनमा परिरहेथ्यो. उस्तै बेलामा उ दुवै जैसिले भने. हजुरको मनकान्छचा अविलाष् पुग्ला महाराजा भन्या र मलाई आसर्जे लाग्यो र मेरा पेटका कुरा कसो गरि जानेउ र तेस्व भनेउ र भनि मैले भन्दा जसै नेपालमा नजर दिनुभयोथ्यो उसै बेला मोचमा[१८] बाहुलि डिदा[१९] मनमा नेपालको राजा हुन पाया ता हुदो हो भन्या जस्तो परेछ भनि विन्ति हजूरमा गर्‍याकै हो भने र यो कुरा पुग्ला भनि मैले भन्दा हजूरले गौ ब्रह्मान[२०] अतित फकिर देउदेवताको मानिता बहुतै रापनुभयाको छ. हाम्रा हातमा पनि सरसोतिको वर्दान छ. हजूरलाई नेपालको राज बस्य[२१] हुनैछ भने र.[२२]

(धपेडी)

थांकोट्को ठुलो भन्ज्यान् काटि रात दिन गरि कल्ल्हारिघाट[२३] तरि धादिंन् उक्लेउ र.

(मैधीको सभा)

चेप्याको पावा लिग्लीग्को आड गरि रापेका मेरा तिन बिर छन्. तिनलाई बोलाहाटको रूका लेषन जैसि भन्दा तिनको नाउ के के हो[२४] भनि सुध्याया र रणजित् वंस्न्यात् मानसिं रोकाहा बिरभद्र

---

१४. नेपाले = नेपाली
१५. स्यापु वढि = स्याकु ओडी
१६. चन्डागिरिमा = चन्द्रागिरिमा
१७. हुन पाया ता = हुन पाये ता
१८. मोचमा = मोछमा
१९. बाहुलि डिदा = बाहुली दीनु भयेथ्यो र
२०. ब्रह्मान = ब्राह्माण
२१. वस्य = अवस्यं
२२. भने र = भन्यो र
२३. कल्ल्हारिघाट = कल्लेरीघाट
२४. कें के हो = कें हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पाठक् मैधिमा रात दिन गरि आइपुक भनि लेषी पठाञा र आईपुगे र तिनछेउ[२५] यकान्त गऱ्या (र) भने दिकबन्दसेनसित[२६] हाक दि आञां[२७]. नेपाल पनि देषि आञां. हान्नाको मनसुबा पनि राषी आञां[२८] तिमिहरू क्या भन्छौ भनि मैले भन्दा हान्नुहवस् महाराजा भने र सल्लाहा दिया र मैले भने. म जसै अर्काको छत्रभङ्ग गर्न जांछु. मेरो छत्रभंग गर्न अर्को आयो भन्या कसो होला भनि मैले भन्दा हजूरका हातिहउवा ई[२९] बाइस् चौबिसि आयो भन्या चेप्यामा[३०] रगतको नदि बहाउला माहाराजा भन्या र यकान्तवाट उठि गोर्षा गयउ र.

(मामाको उपदेश)

पुगेपछि मामाज्यू पनि निलकंण्ठ पसुपतिको दर्सनलाई देउघाटको वाटो गरि जानुभयाको रहेछ. निलकंण्ठ पसुपतिको दर्सन भयापछि श्रीगोरषनाथको दर्सनलाई गोर्षामा आउनुभयो र दर्सन भयापछि मसित भेट भयो र मैले भन्या मामाज्यू मकुवानपुर पनि पुगि आञा. नेपाल पनि देषि आञा. हान्नाको मनसुबा पनि राषि आञां. कति कुराले मेरो काज[३१] फत्ये होला. अर्ति बक्सनुभया हुदो हो भनि मैले भन्दा मलाई पनि पञ्चरात्रीमा द्रिष्टान्त भयो. हामीले देषता[३२] पाच पाण्डुवाको अवतार भया जस्तो लाग्दछ. कुरुक्षत्रको मेला नभै नेपाल फुट्नेछैन. लमजुन् भन्याको गरुड हो. गोर्षा भन्याको सरप हो. नेपाल भन्याको भ्यागुतो हो. अघी गरुडको आषा छल्नु. तब सर्पले भ्यागुतो षान पाउछ. मेरा साथमा चार जातका सिपाहि छन्. इन्मा कस्को सवार गऱ्या चाडो काज[३३] फत्य होला भनि सोध्दा के के जात छन् भनि सोधनुभयो र वाहुन् पस् मगर ठकुरि इनमा कस्को सवार गऱ्या चाडो काज फत्य

---

२५. तिनछेउ = तिनीहरूछेउ
२६. दिकबन्दसेनसित= दीक्बन्धसेनलाई
२७. हाकदि आञां = हाक् दीत्रा
२८. हान्नाको मनसुबा पनि रापी आञां = (यो छैन)
२९. हातिहउवा ई = हातीहौआ ई
३०. चेप्यामा = चेपेमा
३१. मेरो काज = मेरो काम
३२. देषता = देपदा
३३. काज = काम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

होला भनि सोध्दा बाहुन्को सवार भन्याको बयेल हो. पातक् लाग्छ. ठकुरिको सवार भन्याको सिंघ[३४] हो. पछाडि दगा हुन्छ. मग्रको सवार भन्याको टागन् घोडा हो. ढिलो हुन्छ. पसको सवार भन्याको ताजि तुर्कि घोडा हो. पसको सवार गर्‍या चाडो होला भन्या जस्तो लाग्छ भनि अरु धेरै[३५] कुराको अर्ति दि जानुभयोथ्यो. उनै अर्ति लिन्ना र.

(लमजुङसंगको सन्धि) लम्जुंग्या राजा रिपुमर्दन् साहसित भेट गर्न भनि गया र चेपेघाटमा भेट भयो र घाहाथ(घ)रेसका बात गर्दा जौना कुराले घाहा बाधुला भंने जढ कुरो मेरा पेटमा थियो. सोहि जढ कुरो कालुपाडेले गर्‍यो र घाहा बलियो बस्यो र.

(कालुपाँडेको मन्त्रित्व) मलाई आसर्जे लाग्यो र तर मलाई ता रिझायो. दुनिन्ना जस्देषी राजि रहन्छन्. उसैलाई काजाई दिनु भन्ने सास्त्रमा पनि कहेको छ. दुनिन्नामा बुझिहेरुं भनि बुझिहेर्दा दुनिन्नांबाट पनि कालुपाडेको चाहा रहेछ र कालुपाडेलाई कजाई दिनुभया हामी दुनिन्नांदारमा छाहारि रहं दो हो भन्न्या सल्लाहा दिया र अब बाईसि चौबिसिले क्या भन्छन् भनि बुझनुहुदा बाईसि चौबिसिबाट पनि[३६] कालुपाडेकै चहा रहेछ र कालुपाडेलाई कजाञि भया घाहा घराईस् बलियो रापन्यैछ भन्ने सल्लाहा दिया. मेरा मनमा ता विराजबषेतिलाइ[३७] कजाई दिन आटेको थियो[३८] तर ज्याधा बुध्दी कालुपांडेकै ठहर्‍यो र कालुपाडेलाई कजाञि भयाको हो.

(पाँडे वस्न्यातको सम्बन्ध) अब पाडे बस्न्यात्को जुग बाधिदिंछु. तेरि छोरि सिवराम बस्न्यात्को छोरो केहेसिंह बस्न्यात्लाई देउ भनि मागि बिहे पनि गरिदिन्नां र पाडे बस्न्यात्को जुग बाधि पाडेको ढाल् बस्न्यात्को तरवार गरि नेपालमा चढाइ गर्‍याको हो. ॥

---

३४. सिंघ = सिह

३५. अरू धेरै = अरू पनि धेरै

३६. अब बाईसि चौबिसिले क्या भन्छन् भनि बुझनुहुँदा बाईसि चौबिसिबाट पनि = अब बाईसि चौबीसीबाट पनि

३७. बिराजबषेतिलाइ = बीरान् वषतीलाई

३८. थियो = थित्रे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(सल्यानकोटको अनुष्ठान)

उप्रान्त ॥ रणजित् वस्न्यात् मानसिं रोकाहा बिरभद्र पाठक् इनलाई गौटान्को[३९] बिराई लिग्लीग्को आउ(ड)मा राषी मं पनि सल्ल्यान्कोटकि देंबी साछाचात् छन् भनि भन्छन् म पनि सायेत गरी जान्छुं भनि बिदा गराया[४०] र सायेत गरि म पनि गञ्जुं र बारिमा थर्पु पऱ्यो र सल्ल्यानिको थरघर बराहा उमराउहरूसित[४१] सुध्याञा. माईको दर्सन गर्नु हुन्छ की भन्दा भित्र दर्सण पुजाहारि टहलुवालाई मात्रै भित्र दर्सन गर्नु हुन्छ[४२]. जो हुकुम् भन्या र ढोकामा ता हुन्छ कि भन्दा ढोकामा ता हुन्छ भन्या र साज बिहचान ढोकासम्म जाई[४३] पाठपुजा जप् दर्सन गर्थ्या र यक दिनका रातमा सोपना भयो र दुई हातमा दुई षङ्ग लियाकी सात-आठ वर्षकी कन्न्या कुसुमे पछिउराको घुगूटि पारि मछेउ आइन् र मैले सोध्याञां. तिमि कस्की छोरि हौ भनि मैले भन्दा पुजाहारि रानाकी छोरि हुं भनिन् र उ दुवै षङ्ग मेरा हातमा दिन् र आरसि प्रमानको लाल टल्बल् गर्थ्यो. षोकीलाबाट झिकी मेरा मुषसम्ममा ल्याई यो पनि निल् भनिन् र तम्रो मनकान्छचा पुऱ्याई दियाको छ म पनि केही माग्छुं थपि जाउ भनि जसै दुई पाईला गैथिन्[४४]. उसै बेलामा मं पनि बिमज्यौ र भानु जैसि कुलानन्द जैसि पुझाहारि रानालाई डाक्या र सुध्याञा. जैसिले पनि पुजाहारिले पनि ति माई हुन् दर्सन पाउनुभएछ भने र उसै बेलामा धुप दिप धजा नैबेदे नित्य पुजालाई सात राग्गा सातै बोका थपि बोर्लाघाटको आम्दानी र घाटैछेउको टार माईलाई संकल्प गरिदिञा र उसै घरिको सायेत गरि.

(सिमलचउरको बास)

रात दिन गरि सरासरी आया र सिमल्चौर चौतारामा थर्पु हालि बस्याको थीञा. दावा भन्या नुवाकोट्को बहना भन्या षिंच्यात्को

---

३९. गोटान्को = गौतन्को

४०. गराया = गरायौ

४१. थरघर बराहा उमराउहरूसित = थरघर उमराहरूसित

४२. भित्र दर्सन हुन्छ = गर्नु हुन्छ

४३. ढोकामा ता हुन्छ कि भन्दा ढोकामा ता हुन्छ भन्या र साज बिहचान ढोकासम्म जाई = साज् बिहान जान त हुन्छ कि भनी भन्दा हुन्छ भनेकाले साज् बिहान् ढोकासम्म गै

४४. भनि जसै दुइ पाइला गैथिन् = भनी दुई पाईला जसै गैथीन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कुलो काटि षेत बिराउनाको गरि राष्थाथ्या. बेत्रावतिका बेनि इन्द्रायेनिका थानमा डुंगा तरि जप पाठलाई जांथ्या. ध्यान भन्या सल्ल्यान्कोट्कि देबीको र इन्द्रायनी भैरबीको गर्थ्या.

(जयन्त राना) माहामंण्डल भनेको नुहाकोटको सवता[४५] रहेछ. माहामंण्डलमा ग्यामि राना[४६] थीयो. तं हाम्रा भरको ग्यामि होस्. माहामंण्डल छोडिदे. मछेंउ आईज भनी पठाञा र हुना ता मं हजुरैको हुं. तर जयप्रगासमल्लको नुन् पाईहाल्या. मरिमेटन्याछुं भनि हाक पारि पठायो र[४७]

(साइत) येक दिन कचहरिमा बस्याको थिञां. तान्रा लागेछ र तान्रैमा ता ईन्द्रायनिका थानमा बस्याको रहेछुं. आजका साता दिनमा ठुलो सायेत छ. तेसै दिनको सायतले नुहाकोट साध्ये हुन्याछ भन्याको सुन्या र पात्र हेरन जैसि भन्या र पात्रो हेच्या र आजका साता दिन विहाउडो सनिश्चरवार ठूलो सायेत रहेछ भनि बिन्ति गच्या र.

(नुवाकोट विजय) उहि साहेतमा महामण्डलमा उक्लेउ र तरवार पच्यो र हाम्रा नुन्का सेषले झुकाईदिने पंथ बाह्रै बर्षमा मेरा भाई दलमर्दन् साहले जेठि तरवार रानाको थापलामा हाल्यो[४८] र नुहाकोट साधे गरि बढाई गरेउ र.

(ककनी र शिवपुरीमा चौकी) ककनि र सिपुरिमा ठाना हालि[४९] मुर्चा[५०] लाइ राथ्येउ.

(परशुराम थापा) मलाई प्रसुराम थापाले नेपाल हान्न आउ भनि हात दिई राष्याथ्यो. आफ्ना भाईलाई लाषबिसि पुच्याउनु बाईसि चौबिसि उठाई[५१] पछडी हान्नु भनि पठायछ र मैले थाहा पाञा र काहा

---

४५. सवता = अवतार

४६. माहामंण्डल ग्यामि राना = नुवाकोट्को ग्यामी राना

४७. "र हुना ता मं. हजुरैको हुं तर जयप्रगास मल्लको नुन् पाई हाल्या मरिमेटन्याछुं भनि हाक पारि पठायो र" = (यो छैन)

४८. थाप्लामा हाल्यो = थाप्लामा हान्यो

४९. ठाना हालि = जना हाली

५०. मुर्चा लाइ = (यो छैन)

५१. बाईसि चौबिसि उठाई = बाईसी चौबीसीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पुक्याको छ भनि सुध्याञा र पोषराको हटियामा[५२] डेरा गरि बस्याको छ भनि सुन्या र तेसलाई बैठाई आउन को सकौला भनि सल्लाहा गर्दा कसैले पनि ठहराउन सकेन र मैले भन्या झागल गुरुं सक्ला भनि डाकी अह्राई मेरा कंमरको कोतापान् दियां र गयो र पुगि गाईनेको भेष गरि हातमा बल्छीको टागो लि काषिमा सारंगी च्यापि २।४ धार्निको सहर लैगी अरू उस्का लस्करहरू भात पान्या बषत्मा अवसर हेरि बैठाई आयो र.

(नेपालखाल्डो-विजय) पछाडी सुध्द गरि नेपाल पोल्याई पुरुब पश्चिमका दुनिञां हात गरि नेपाल लियाथ्या ॥

(दुइ ढुङ्गाको तरूल) उप्रान्त ॥ यो राजे दुई ढुंगाको तरूल जस्तो रहेछ.

(चीनसंगको सम्बन्ध) चीनबादसाहसित ठुलो घाहा राष्नु.

(अंग्रेजसँगको सम्बन्ध) दषिनको समुन्द्रका बादसाहसित घाहा ता[५३] राष्नु. तर त्यो महाचतुर छ. हिन्दुस्थाना दबाईरापेछ. सरजिमीमा परिरहेछ. हिन्दुस्थाना जाम्यो भन्या कठिन् पर्ला भनि किल्ला षोजन आउन्याछ. सन्धीसर्पन् हेरि गडि तुल्याई राष्नु र रस्ता रस्तामा भाजा हालि राष्नु र यक दिन त्यो बल आउन्याछ. जाइ कटक् नगर्नु. झिकी कटक् गर्नु र चुरेघाटिमा षुपै काटिन्याछ. पाच सात पुस्तालाई पजना पनि मिल्नेछ. श्रीगंगाजिको साध पनि लाग्नैछ. लडाईमा पुकेन भन्या लोलोपोतो अनेक कल छल गरिकन पनि.

---

५२. हटियामा = हाटीमा

५३. घाहा ता = घाहा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(किल्लाको व्यवस्था) यो नेपालको तषत किल्ला हो. यो किल्ला पायो भन्या चारै बादसाहलाई क्व ह्याला लाउनैछ. इस्वरले रचना गऱ्याको किल्ला रहेछ. स्वधनुपर्ने रहेनछ. सिबपुरि १ फुल्चोक् २ चेन्डागिरि ३ महादेउपोषरि ४ पालुं ५ दाप्चा ६ काहुल्या ७ ईनमा[५४] पनि किल्ला पकी बनाउनु किल्लापिछे तोप लम्छट् गरि रापीदिनु र जति भन्ज्यां ई छन् भन्ज्यांपीछे यक यक फलामे ढोका बनाई ढोकापिछे यक यक तोप लम्छट् गरि रापीदिनु र पपांच[५५] सिपाहि रापीदिनु र यस्व भयापछि चेवा गर्न्या चर्चा गर्न्या[५६] भगन्या नास्न्या ढुकूवा फसादि पुनि यस्ताहरूको[५७] पनि केही चल्नेछैन. चारै बादसाही चढाई गरि आयो भन्या पनि कसैको केही चल्न्य रहेनछ.

(स्थिति बाँध्ने इच्छा) उप्रान्त. राजा रामसाहले बाध्याको थिति पनि हेरिसके. राजा जयेथितिमल्ले (मल्लले) बाध्याको थिति पनि हेरिसके. राजा महिन्द्रमल्लले बाध्याको थिति पनि हेरिसके. इश्वरले दियो भन्या म पनि यस्ता बन्देजको बाह्र हजारको थीती बांधिजाला भन्या अबीलाषा थीयो.

(उत्तरदक्षिण-को बाटो) पुरुब पछिम्को रस्ता बन्ध गरि नेपालको रस्ता चलाई दिउला.

(लोकस्थितिको रक्षा) आफ्ना अना जात विसेषको कर्म गर्नु भन्देज गरि जाला.

(दहचोकमा राजधानी) यो तिन सहर भन्याको चिस्व ढुंगो रहेछ. पेलषाल मात्रै ठुलो रहेछ. कुपको[५८] पानि पान्याछेउ बुधि पनि हुदैन. सुरो पनी हुदैन. पेलपाल मात्रै रहेछ. मेरो मनसुबा ता दहचोकमा दरबार बनाउला र चारै दिसा थरघरको गुरु प्रोहित भैयाद भारादार मिर उमराउको घर बनाई छुट्टा दरबार बनाउला र ई तिन सहरमा ता दरबारबाट स्वपसयल्लाई मात्रै जाला भन्यां यस्तो अविलाष थीयो.

---

५४. ईनमा = जम्मा सात ईनमा
५५. पपांच= ५ पांच ५ पांच्
५६. चेवा गर्न्या चर्चा गर्न्या = चेवा चर्चा गर्न्या
५७. पुनि यस्ताहरूको = पुनीहरू यस्ताको
५८. कुपको = कुवाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(पर्सामा बजार) उप्रान्त ॥ देसका महाजन्लाई गोडप्रसाहदेपी उभ[५९] आउन नदिनु. देसका महाजनहरू हाम्रा मलुकमा आया भन्या दुनिञ्जां कंगाल गरि छाड्दछन्.

(स्वदेशी कपडाको व्यवहार) हामीले च्यागापांगा[६०] लाई तिन सहर नेपाल र नौलाष् किलायत र हिन्दुपतिको राज आर्ज्यथ्येउ. देसका कपरा लगाउनालाई मन्हाई गरिदिनु. आफ्ना देसका कपरा बन्न[६१] ज्यान्यालाई नमना देपाई सघाउनु र बन्न लाउनु र यस्व भया नगत देस जादैन[६२].

(स्वदेशी वस्तुको निकासी) आफ्ना देसको जिनीस् जरिबुटि देस लैजानु र नगंत पैंचनु नगत पैचिरापनु[६३] र प्रजा मोटा भया दर्बार बलियो रहन्छ.

(राजाका धन दुनियाँ हुन्) राजाका भंडार भन्याका रैतानहरू हुन्.

(कर उठाउन ठेक्का नदिनू) मलुकमा ईजारा पनि नदिनु. सर्पारबाट अमानित्[६४] राषि सर्पारिया तहसिल् राषी सालबसाल्को कचा[६५] लिनु.

(भारादार र सैनिकहरूलाई धन कमाउन नदिनू) क्या चुनी सिपाई भया[६६] क्या भैभारदार[६७] भया. इनलाई दवलथ कामाउन नदिनु आदमी हेरि हुर्मत् मात्रै राषी दिनु. क्यान भनौला दवलथ् भयाकाले तरवारमा पसि मर्न मार्न[६८] सकैनन् र हरिपको चपक् हुन्छ. सिपाहि भैभारादारले स्वष[६९] गरेनन् भन्या चारै षुट्मा मेरो तरबार बजनैछ. स्वपमा पसो भन्या.

---

५९. उभ = उत्तर
६०. च्यांगापांगा = च्यांगा पाता
६१. बन्न = बनाउन
६२. यस्व भया नगत देस जादैन = येस्वो भया आफ्ना मुलुक् असल् रहन्छ ।
६३. नगत पैचनु, नगत पैचिराषनु = नगद पैची आफ्ना देशमा राष्नु
६४. अमानित् = अमानत
६५. कचा = कच्चा
६६. सिपाइ भया = सीपाही
६७. भैभारादार = भारादार
६८. मर्न मार्न = मर्न
६९. स्वष = स्वोष्सयेल्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(मैले आर्जेको मुलुक छोटा बडा सबै जातको साझा फूलवारी हो)

मेरा साना दुषले आर्ज्याको मुलुक होईन. सबै जातको फुल्बारि हो. सबैलाई चेतना भया यो फुल्बारिको छोटा बडा चारै जात छतिसै वर्नले[७०] यो असिल्[७१] हिन्दुस्थाना हो. आफ्ना कुलाधर्म नछोड्नु.

(वंशक्रमागत पद)

-ष्वामित्को नुन्को उधार गर्नु.[७२] कालु कबर्दारका सन्तानलाई कवर्दारि नछुटाउनु. दषिनको घाहा सिबराम बस्न्यातका सन्तानलाई नछुटाउनु. भोटको घाहा कालुपाडेका सन्तानलाई नछुटाउनु.

(राजाले सेवकलाई घरमा नमार्नु)

पाडे बस्न्यात् पंथ भैयाद मंग्रलाई मारातप् दिदा[७३] आलोपालो पालो गरि षान दिनु. ई मेरा नून् गुन्का स्वझा सेवक हुन्. ईनीहरूको[७४] जीव जान्या बिराम गर्‍याको भया पनि आफुले नमार्नु, बरु मारातप दियेर[७५] लडाञीमा झोसिदिनु र जिव जोगाई आयो भन्या बढिया भयो. मरिगयो[७६] भन्या आफुले मार्नु अर्कैबाट मारिदियाको बढिया हुन्छ तब राजाले सेवकलाई घरमा नमार्नु.

(अन्याय हुन दिनु हुँदैन)

तब राजाले ठुलो निञा निसाफ हेर्नु अंन्याय मलुकमा हुन नदिनु.

(घुस्याहालाई ठोक्नैपर्छ)

निञानिसाप बिगार्न्या भन्याको घुस् दिन्या र घुस षान्या[७७] ईन दुईको ता धन जिव गरिलियाको पनि पाप छैन. ई राजाका महासतुर हुन्.

(सिपाहीलाई पायक पर्न खान पुग्ने जग्गा दिनु)

उप्रान्त ॥ जढ कुरो राजालाई चाहीन्या सिपाहिहरूको घर पेत् मिलाई दिनु र मल् जल् गर्छन् र डुबौ[७८] बोटि[७९] भित्र हाल्न पाउछन् र कबिलाको निर्फिक्रि हुन्छ. ढोकामा भया पनि गौडामा भया पनि सिपाहिरूको छाति बलियो रहन्छ.

---

७०. चारै जात छतिसै बर्नले = चारै वर्ण छत्तीसै जातले
७१. असिल् = असल्
७२. नुन्को उद्दार गर्नु = नुनको सोझो गरनु उद्धार गरनु
७३. मरातप् दिदा = मान थप् दीदा
७४. ईनीहरुको = उन्लाई
७५. मारातप दियेर = भारा थप् दीयेर
७६. मरिगयो = मर्‍यो
७७. षन्या = षने हुन्
७८. डुबै = दुबै
७९. बोटि = बटी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(लडाइँमा जस पाएकालाई माथि उकालिदिनु) पजनि गर्दामा पनि सये नालका कंम्पनी जमाउनु र सये नालका सुबेदार चार पाच लडाञीमा जस पाई आयाका यस्ता आफुले जाचि[८०] सुबेदार हाल्नु सुबेदारले पनि सातपगरि दुई चार बाढ पायाका यस्ता सातपगरि हाल्नु. सातपगरिले स्वह्न हुदा हाल्दा आफुसित मर्ने मान्यं जाची १६ हुदा हाल्नु. १६ हुदाले पनि आफुसित मर्ने मान्यं[८१] जाची सिपाही हालि आफ्ना आफ्ना पट्टि भर्ना गर्नु.

(लडाका जात) पट्टी पट्टिमा सिपाहि पनि पस् मगर गुरु ठकुरि ईनै चार जातमात्रै पिचोला गरिहाल्नु र तर्वार पर्दा साह्रो हुन्छ. लुहा च्यापन्या पनि इनै चार जात मात्रै हुन् र त (र) वार पर्दा साह्रो हुन्छ र बैरि त क्या इन्द्रको आसन् पनि डगाईछ.

(शस्त्र संग्रह) हजारौ घना हजारै पथर्काला हजारौ पुडा हजारौ तोप भया इन्द्रको आसन पनि डगाईछ.

(लडाका र तिनका सहायक) लडाञीमा पनि हान्न्या र सप दिन्या[८२] ई दुवै बरोवर हुन्. जागिर दिदा पितल् दिदा दुवैलाई बरोवर दिनु.

(मरवट) मर्‍यो भन्या उसका छोरा पुडा हान्न्या नहुन्ज्याल्[८३] मरवट्[८४] दिनु. पुडा हान्न्या भयापछि जागिरमा उकालिदिनु र.

(राजाले विवेक राख्नु पर्छ) राजाले विवेक रापीदिया देसदेसका सिपाहि पनि आसा रापी आउन्छन् र. यस्व भया तरवारीया सिपाहि हात लाग्छन्.

(सिपाही र दुनियाँ राजाका सार हुन्) राजाका सार भन्याको सिपाहि र रैतिहरू हुन्. राजा चतुर भया सिपाहि र रैति हातहात गरि राप्नु र हुल्कुल् हुन पांउदैन.

(सिपाहिलाई तिखादैं रहनु) सिपाहि भन्याको तिपरिरापनु. तिपारिराप्याका सिपाहि कसैका मलाजामा पस्तैनन् र आफ्नु काज फत्य हुन्छ.

---

८०. आयाका यस्ता आफुले जाचि = आयाका पात्र आफुले रोजी
८१. १६ हुदा हाल्नु १६ हुदाले पनि आफुसित मर्ने मान्यं जाची = (यो छैन)
८२. लडाञीमा पनि हान्या र सप दिन्या = लडाइमा पनी हान्न्या दसंप दीन्या
८३. हान्न्या नहुन्ज्याल् = हान्न नसकुन्ज्याल
८४. मरवट् = मरवोट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(दुर्गपालको छनोट)

गुरुं मगर षान्ज्यादा भैयाद भारादार मिर उमराउ थरघर पुराना पुराना जाची घुंडा गौडामा[८५] राषनु.

(अजानपदलाई ठूलो अधिकार नदिनू)

पुरुब पछिम्का षस बाहुनलाई दरबारमा पैठ् हुनु नदिनु. क्यान भनैला बाहिडा[८६] मान्छचाले दरबारमा बिथिति गराउछन्.

लालमोहर राजाबाटै हुनुपर्छ)

राजाको हुकूम जफत गरि राषनु.

(योग्य अन्त पालले देशमा उन्नति गर्छन्)

मैले तिं थुम्का बह्राहा उमराउलाई इन्द्रब्रज्र तुल्याई राष्याथ्या. नगर निसान पनि दिई राष्याथ्या.[८७] बाह्रबिसको गाडो (ठो) बाधी दियाको थियो र सल्ल्यानि लिग्लीग धादिंका मुहुडामा जाहा जाहा काज गर्थ्यो. फत्य गर्थ्या र यो अैस्वर्जे गर्‍याको हो.

(पुराना योग्य मानिसलाई जाँची हजुरिया बनाउनू)

आफ्ना घरका पुराना सेवक जाची हजूरमा हरोदम् राषी दरोबस्त बाधि घर बलियो राषनु. यस्व भया दरबार बलियो रहन्छ.

(प्रजालाई र सैनिकलाई अन्त लहसिन नदिनू)

राजाको चतुराई भया सिपाही रैति हात गरि राषनु. सैनिकलाई अन्त कसैको मलाजापछि गुणपछि लाग्न नदिनु. नुन्पछि लाउनु.

(शुद्ध चाँदीका मोहर रुपियाँ चलाउनू)

उप्रान्त टक्सार पनि चोषो चलाउनु.

(न्यायालय)

अदालथमा पनि ठकुरि जाचि डिष्ठा[८८] राष्नु. मगर जाचि बिचारि थापनु. कचहरिपिछे यक् यक् पण्डीत राषी निन्नासास्त्रबमोजिम् अदालथ चलाउनु.

---

८५. घुंडा गौंडामा = गौडा गौडामा
८६. वाहिडा = वाहिडया
८७. नगरा निसान पनि दिई राष्याथ्या = (यो छैन)
८८. डिष्ठा = डीठ्ठा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(न्यायालयबाट आएको आम्दानी धर्मकर्ममा लाउनू) अदालथका पैसा दरबारभित्र नहाल्नु. फकीर फकिडा अतित जोगि सन्न्यासि ब्राह्मणहरू इनैलाई दछिना भोर्जन चलाईदिनु. उप्रेका पैसा दक्षिना चलाई धोति रुमाल चलाइदिनु. यस्त भया असत्यको दोस् लाग्दैन.

(गाउँ हटाएर पनि खानि चलाउनू) षानी भयाका ठाउमा गाउ भया पनि गाउ अरू जग्गामा सारिकन पनि षानि चलाउनु.

(घर हटाएर पनि खेत बनाउनू) गह्रो बन्न्या जग्गामा घर भया पनि घर अरू जग्गामा सारि कुलो काटि षेत बनाई अवाद गर्नु.

(धोका) उप्रान्त ॥ केही बेलामा हात दिनामा पस्या र मलाई झिकाया र पछाडि दगा दिया र महादुष गरि पछाडि सुध्द गरि नेपाललाई मुर्चा लाग्याथ्या.

(नागा मारिए) जयप्रकास मल्लका मतलप्लाई दषिनबाट नागा झिकाया र नेपालभित्र पस्न नदि सातगाउ[८९] भित्रैमा भिजाग्यां.

(मीरकासिमको हार) कास्मेरिषानू नवाफ् मकवानपुरमा चढ्यो र छअबिस् षो(घो)डाले[९०] काटि घर्काई सिवाना कटाई आग्यां.

(अङ्ग्रेजको हार) तिन चारं पल्टन् लिएर सिङ्डुलि गढिमा हांडीसाहेब चढ्यो र वा वाही[९१] पनि काटि पथर्काला च्याति ल्याग्या र.

(तिलङ्गा) लषनैबाट तिन् मुस्ल्मां मेरो चाकरिलाई नुवाकोटमा पिछा परि आयाका थिया. ईनै बन्दुक्को तुलकलायेत तिनै मुसरमानले जान्याको रहेछ र सेषजरवर ममतकि भेषार्सि तिनै जनालाई अजिटनी दिया र तिलंगा सधायाको हो.

---

८९. नदि सातगाउ = नदीनु गाऊ
९०. पो(घो)डाले = घोडाले
९१. वा वाही = वाही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(नेपालखाल्डो-लाई मुगलले जित्नेछन् भन्ने हल्ला)

नेपालको किताप ह(हे)र्दा तुर्काना मंग्रात् मुग्लाना हुन्या रहेछ र तुर्काना अघि भैगयेछ.

(मुगललाई हराउने उपाय)

मगरात्को राजा मै हुं. मुग्लानाको दोष मेटनालाई[९२] आधा थुम मेटि कंपनी जमायाको हो. आधा षुडा आधा पथरकाला बनायाको हो.

(जङ्गी बन्दोबस्त)

सहे नालका कम्पनिले छरितो हुन्छ र यस्व भया सये नालका कम्पनिले हजार जवान्लाई पाउछ. किल्ला किल्लापिच्छे[९३] यक यक कम्पनी राषी गर्षा बांडिदिनु र जगैरा बांधी भरि राष्नु.

(विदेशी नाच गानको बहिष्कार)

उप्रान्त ॥ मलाई यवटा कुराको संध्यह लागिरहेछ. कुन्कुरो भन्या मुग्लाना[९४] नजिकै रहेछ. तेस् जग्गामा छोकडा पत्रीया रह्याछन्. चित्रकार भन्याको कोठामा ढोलक् सितार राग तान्मा भुल्नन्. राग तान्मा बडो ठुलो मोहो हुन्छ र दवलथ पनि षोलिन्छ. देसको भेद पनि तिनैले लैजान्छन् र हरिपले दगा गर्छ. रागको अभ्यास् पनि कसैले नगर्नु. तिन जातलाई पाहाड आम्फदरफ् पनि कसैले नषोल्नु. अथवा फागुलाई यक् दुई गरी[९५] झिकि चाडै बिदा गराईदिनु र देसको भेद पनि पाउदैनन्. आफ्ना स्वषसयलेलाई ता सास्त्रबमोजिम्को तिनै सहर नेपालको नेवारहरूको नाच झिकाई हेर्या पनि हुन्छ. ईनमा ता दियाको पनि आफ्नै देसमा रहंन्छ. यस्व भया आफ्नु देस गमन् रहन्छ.[९६] ॥ ॥ ॥ ॥ ॥ ॥ ॥ ॥ ॥ ॥

---

९२. मेटनालाई = मिटाउनालाई
९३. किल्ला किल्लापिछे = किल्लापिछे
९४. मुग्लाना = मुग्लाना भने
९५. यक दुई गरी = बार गरारा
९६. गमन् रहन्छ = मगनमा रहेछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal